# केराबारी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
केराबारी, मोरङ
कोशी प्रदेश, नेपाल

## आन्तरिक आय संकलन सम्बन्धी ठेक्का आह्वानको सूचना ।

**(चौथो पटक प्रकाशित मितिः २०८०/०६/१०)**

यस केराबारी गाउँपालिका अन्तर्गत निम्न लिखित विषयमा आ.व. २०८०/०८१ को आन्तरिक आय संकलन गर्न ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले ठेक्का लिन चाहने इच्छुक फर्म, कम्पनीहरुले तपसिल बमोजिमको सेवा सर्तको अधिनमा रही निम्न लिखित समयावधि भित्र आवेदन गर्नुहुन सूचना प्रकाशित गरिएको छ । PPMO को वेवसाइट www.bolpatra.gov.np./egp मार्फत दर्ता गर्नुहुन सम्पुर्णलाई जानकारीको लागि सूचना प्रकाशित गरिएको छ।

**तपशिल**

| सि. नं | ठेक्का नं | ठेक्का विवरण | न्युनतम ठेक्का रकम (मु.अ. कर सहित) | फारम दस्तुर (फिर्ता नहुने) | आवेदन दिने मिति र खोल्ने समय | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | १/राजस्व (०८०।०८१) | **सडक उपयोग कर** (केराबारी -खोर्सानै,आमजुङ्गी-विराटचौक, डाँगी-सून्दरपुर, चोक्टी-धरान,देविभ्कोडा-लालभित्ति, भलुवा-बेलबारी नाका) | रु. ५४,३३,४३०।- | रु. ३,०००।- | १८ असोज २०८० दिनको १२ बजे सम्म र खोल्ने सोहि दिनको १ बजे । | NCB Online |

**शर्तः ठेकेदारले एकमुष्ट रकम बुझाउदा मु.अ.कर वाहेकको रकममा १० प्रतिशत छुट दिइनेछ ।**

विस्तृत सूचना, शर्त र जानकारीको लागी केराबारी गाउँपालिकाको website:www.kerabarimun.gov.np र PPMO को पोर्टल www.bolpatra.gov.np./egp मा हेर्नुहोला ।

**प्रमुख प्रशासकीय अधिकृत**

ठेक्का सम्बन्धि आवश्यक शर्तहरु (सडक उपयोग कर)

१. माथि उल्लेखित ठेक्काबाट कर दस्तुर असूल गर्दा केराबारी गाउँपालिकाले तोकिएको नाका घाट तोकिएको दरमा मात्र असूल गर्नुपर्नेछ ।

२. कर असूली दररेट एवं ठेक्कापट्टाको शर्तहरु बोलपत्र साथ उपलब्ध गराइने छ।

३. ठेक्काको अवधि ठेक्का सम्झौता भएको दिन देखि २०८१ असार मसान्त सम्मको लागि मात्र हुने छ ।

४. शिलबन्दि बोलपत्र पेश गर्दा **फर्म/कम्पनी दर्ता प्रमाणपत्र तथा नविकरण ,मु.अ. कर दर्ता प्रमाणपत्र, आ.व.२०७९।०८० को कर चुक्ता प्रमाणपत्र वा आ.व.२०७८।०७९ को करचुक्ता प्रमाणपत्र र आ.व.२०७९।०८० को लागि म्याद थप** पेश गर्नुपर्नेछ। नगद जमानत रकम कबोल गरेको मु.अ. कर **सहितको अंकको ५% रकम** केराबारी गाउँपालिकाको नाममा रहेको एन.आइ.सी एशिया बैंक केराबारी शाखाको खाता नं ०५६२०५६५०१४२३००८ **स्थानीय तह धरौटी खातामा** जम्मा गरी सोको स्क्यान गरि अनलाइन मार्फत भौचर पेश गर्नु पर्ने छ, **बैंक जमानतको हकमा १२० दिन अवधिको हुनुपर्ने छ जसमा बोलपत्रको मान्य अवधि ९० दिनको हुनेछ।** साथै बोलपत्र फारम खरिदको लागी केराबारी गाउँपालिकाको **एन आईसि एसिया बैंक केराबारी शाखाको ग.१.१ आन्तरिक राजश्व खाता ०५६२०५६५०१४२३००२ (राजश्व शिर्षक १४२२९, कार्यालय कोड ३०५०१३०१) मा नगद रु ३००० ( तिन हजार)** जम्मा गरी सोको स्क्यान गरि अनलाइन मार्फत भौचर पेश गर्नु पर्ने छ ।

५. दर्ता भएका बोलपत्र मध्ये अधिकतम मुल्याङ्कित सारभुत रुपमा प्राभावग्राही बोलपत्र छनौट गरिनेछ ।

६. ठेक्का स्वीकृत भएको बोलपत्रदाताले संझौता गर्न अगावै ठेक्का रकम मुअ कर सहित एकमुष्ठ बुझाउनु पर्नेछ ।एकमुष्ट रकम बुझाउदा मु.अ.कर वाहेकको रकममा १०% छुट दिइनेछ ।

७. एकमुष्ट रकम जम्मा गर्न नसकिने भएमा कबोल गरेको मु.अ.कर सहितको रकमको ५० % रकम गाउँपालिकाको नाममा को सम्बन्धित खातामा जम्मा गरेको सक्कल भौचर र बाकी ५० % रकमको हकमा सो रकम बराबारको बैंक जमानत सहित सम्झौता गर्न आउनुपर्नेछ । बैंक जमानत सम्झौता अन्त्य हुने मितिवाट थप ६० दिनको पेश गर्नुपर्नेछ ।

८. बाँकी रहेको (कबोल गरेको मु.अ.कर सहितको रकमको ५० % रकम २०८० मङ्सिर मसान्त भित्रमा केरावारी गाउँपालिकाको नाममा रहेको सम्बन्धीत खातामा जम्मा गर्नुपर्नेछ । अन्यथा नियमानुसार बैंक जमानत जफत गर्नका लागि प्रक्रिया अगाडी बढाइनेछ ।

९. बोलपत्र स्वीकृत भएको १५ दिन भित्र संझौता गरी सक्नुपर्नेछ, उक्त अवधिमा संझौता गर्न नआएमा नियम अनुसार कार्यवाही अगाडी बढाइनेछ ।

१०. ठेकेदारले नेपाल सरकार तथा केराबारी गाउँपालिकाले समय समयमा दिएको निर्देशनलाई पालना गर्नुपर्नेछ र यस गाउँपालिका र ठेकेदार बीच ठेक्काको विषयमा विवाद भएमा गाउँपालिकाले गरेको निर्णय अन्तिम हुनेछ ।

११. केरावारी गाउँपालिकालाई बुझाउनु बाँकी रहेका तथा कालो सूचिमा परेकाहरुको हकमा कानुन बमोजिम हुनेछ ।

१२. ठेक्काबोल गर्ने ठेकेदारले केराबारी गाउँपालिकाले तोकिदिएको कर उठाउदा प्रयोग गर्ने रसिदहरु ठेकेदार आफैले छपाई रसिदहरु गाउँपालिकाबाट कार्यालय प्रमुख वा निजले तोकेको कर्मचारीबाट अनिवार्य प्रमाणित गराई प्रयोग गर्नुपर्नेछ । प्रमाणितबाहेकका रसिदबाट कर उठाएको पाईएमा वा उजुरी परेमा नियम अनुसार कारबाही चलाइनेछ।

सुवास श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

१३. बन्द हड्ताल जस्ता मानव सृजित कारण तथा प्राकृतिक प्रकोपबाट हुने अवरोधका कारण कर छुट वा मिनाहा दिईने छैन ।

१४. एक व्यक्ति वा फर्मको नामबाट खरिद गरेको बोलपत्र अर्को व्यक्ति वा फर्मको नाममा दाखिला गर्न पाईने छैन ।

१५. यो सूचना बमोजिमको दाखिला भएको कुनै वा सबै बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने अधिकार गाउँपालिकामा निहित रहनेछ।

१६. कर असूलीको दररेट एवं लाग्ने दस्तुरको विवरण सहितको होडिङ बोर्ड ठेकेदारले प्रत्येक संकलन केन्द्रमा सबैले देखिने गरी अनिवार्य रुपमा राखुपर्नेछ ।

१७. कुनै एक ठाउँमा राखेको धरौटी रकम अर्को कुनै ठेक्कामा समायोजन वा सदरस्याहा गरिने छैन ।

१८. कुनै सर्त सहितको बोलपत्र स्वीकृत हुने छैन ।

१९. **यस केराबारी गाउँपालिकाले तोकेको कर भन्दा बढी रकम असूल गरेमा वा संझौतामा उल्लेखित भए बाहेकका मालबस्तुमा कर सेवासूल्क दस्तुर असूल गरेमा वा दोहोरो हुने गरी कर लिएमा कानुन बमोजिम कारवाही गरिनेछ।**

२०. ठेक्का स्विकृत गर्ने, नगर्ने सम्पुर्ण अधिकार गाउँपालिकामा रहनेछ ।

२१. सूचनामा उल्लेख नभएको कुराहरुको हकमा प्रचलित कानून अनुसार हुनेछ।

प्रमुख प्रशासकीय अधिकृत

सुवास श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत